स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



२०७१ सालमा आएको फिल्म थियो, 'जेरी'। यो अभिनेता अनमोल केसीको करिअरको दोस्रो फिल्म हो। यसले तत्कालीन समयमा राम्रो सफलता पाएको थियो। अब यही नामको पछाडि 'अन टप' थपेर निर्माता सरोज न्यौपानेले फिल्म निर्माण गर्न लागेका छन्। अनमोल आगामी साउनबाट छायांकनमा जान लागेको यो फिल्मप्रति पुरानो 'जेरी'का निर्माता मनोजकुमार शेरचन तथा सह-निर्माता सम्राटप्रसाद गौचनले आपत्ति जनाएका छन्।

**आजको विचार...**



**पर्यावरण...**
*(दुई पेजमा)*

**लोकनारायण सुवेदी**



पछिल्लो समय सबैभन्दा व्यस्त अभिनेताको सूचीमा पर्छन् दयाहाङ राई। उनको एउटै महिना दुई फिल्ममात्र होइन, एकै मितिमा दुई फिल्मसमेत आएको अवस्था छ। धेरै फिल्म गर्ने चक्करमा गुणस्तरमा ध्यान दिन छोडेको आरोपसमेत उनलाई लाग्दै आएको छ। तर उनी त्यो मान्न तयार छैनन्। वैशाखदेखि अहिलेसम्म उनका 'मन्सरा' र 'गाउँ आएको बाटो' रिलिज भइसके। शुक्रबारबाट नयाँ फिल्म 'घरज्वाइँ' प्रदर्शन हुँदैछ। फिल्मले फरक कथा र फरक परिवेश पेस गर्ने उनी बताउँछन्।

❐ वर्ष २९ ❐ अंक ३४४ ❐ २०८१ असार २९ गते शनिबार 13 July 2024, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## पहिरोको वितण्डा

# कास्कीमा पुरिएर ११ को मृत्यु, चितवनमा दुई बस त्रिशुलीमा खसे, बसमा ६५ जना सवार, तीनजना पौडिएर बाँचे, अन्य बेपत्ता

**रासस**

**चितवन,** असार २८/बिहीबार रातिदेखिको अविरल वर्षाका कारण गएको पहिरोले कास्की र चितवनमा वितण्डा मच्याएको छ । पहिरोले ठूलो मानविय र भौतिक हुन पुगेको छ ।

बिहीबार रातिदेखिको अविरल वर्षाका कारण पहिरोले पुरिएर कास्कीमा एकै घरका ७ सहित ११ जनाको मृत्यु भएको छ । पोखरा महानगरपालिकामा १०, १९, ३२ र मादी गाउँपालिका -११ मा पहिरोमा परी ११ जनाको मृत्यु भएको हो । पोखरा -१९ पुरुनचौर तल्लाकोटका कुलबहादुर परियारको घर पहिरोमा पुरिँदा एकै घरका सात जनाको मृत्यु भएको छ । यसैगरी पोखरा -३२ चैनपुरस्थित बाह्रबिसेमा पहिरोको कारण तीन जनाको घटनास्थलमै मृत्यु भएको छ । पोखरा महानगरपालिकामा १० र मादी गाउँपालिका -११ मा गएको पहिरोमा परी एक जनाको ज्यान गएको छ । पहिरोमा परी बेपत्ता भएकी ८० वर्षीया माइतीकुमारी गुरुङको शव फेला परेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब उपरीक्षक बसन्तकुमार





शर्माले जानकारी दिए । मृतकको शव परीक्षणका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा राखिएको उनले बताए । यस्तै नारायणगढ-मुग्लिन सडकखण्डको सिमलतालमा पहिरोले दुई वटा बस बगाएर त्रिशूली नदीमा पुऱ्याएको छ । भरतपुर महानगरपालिका वडा २९ स्थित सिमलतालमा शुक्रबार विहान लेदोसहितको पहिरो खस्दा त्रिशूली नदीमा दुईवटा बस खसेका थिए । बसमा ६५ जना सवार रहेको बताइएको छ । यो समाचार तयार पार्दासम्म बेपत्ता बस भेटिएका छैनन् । चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्र देव यादवले पानी परिरहेकाले उद्धारमा केही कठिनाइ भइरहेको बताए । त्रिशूलीमा जलसतह उच्च भएकाले खोजीमा समस्या भएको जनाइएको छ । अहिले नेपाली सेना र सशस्त्र प्रहरी बलको गोताखोर टोलीले डुङ्गामा खोजी थालेका छन् । हालसम्म बस फेला पर्न नसकेको प्रजिअ यादवले जानकारी दिए । शुक्रबार बिहान ३:३० बजे काठमाडौँबाट रौतहटको गौर जाँदै गरेको गणपति डिलक्स र वीरगञ्जबाट काठमाडौँ जाँदै गरेको एञ्जल लेखिएको बस पहिरोले बगाउँदा त्रिशूलीमा खसेका थिए । ***बाँकी अन्तिम पेजमा...***


## सङ्क्षिप्त समाचार

### इजरायली कारबाहीमा ३२ जनाको मृत्यु

**रासस/एएफपी**

**गाजा,** असार २८/इजरायली आक्रमणले गाजा पट्टीमा थप ३२ जनाको ज्यान लिएको हमास नियन्त्रित प्यालेस्टिनी क्षेत्रकोस्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएको छ । इजरायलको हमाससँगको युद्ध नौ महिनादेखि जारी छ । युद्धविराम र बन्धक मुक्तिको सम्झौतामा पुग्ने दिशामा वार्ता जारी रहँदा तटीय क्षेत्रको उत्तरदेखि दक्षिणसम्म लडाइँ जारी छ । हमासका लडाकुले अक्टोबर ७ मा कम्तीमा एक हजार २०० जनाको ज्यान लिने गरी दक्षिणी इजरायलमा गरेको अकल्पनीय आक्रमण र २०० भन्दा बढी बन्धक बनाएपछि जवाफमा इजरायलले गाजा क्षेत्रमा हमासविरूद्धको कारबाही सुरू गरेको थियो । गाजाको स्वास्थ्य मन्त्रालयले इजरायली सेनाद्वारा निरन्तर गरेको आक्रमणको पछिल्लो श्रृङ्खलामा ३२ जना प्यालेस्टिनीको मृत्यु भएको छ । मृतकमध्ये अधिकांश बालबालिका र महिला रहेका छन् । हमास निकटस्थ सञ्चारमाध्यमले उत्तरमा गाजा सहर, मध्येक्षेत्रमा नुसिरात शरणार्थी शिविर, दक्षिणमा खान युनिस र रफाहका धेरै स्थानमा ७० भन्दा बढी हवाई आक्रमण भएको रिपोर्ट गरेको छ इजरायली सेनाले शुक्रबार इजिप्टको सीमा नजिकै रहेको रफाहमा सेनाले अपरेसन जारी राखेको बताएको छ ।

## प्रचण्डले पाएनन् विश्वासको मत



**पाल्पा,** असार २८/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत पाउन सकेनन् । प्रतिनिधि सभाले विश्वासको मत लिने प्रस्ताव बहुमतले अस्वीकृत गरेको छ ।

एमालेले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री प्रचण्डले संविधानको धारा १०० (२) अनुसार विश्वासको मत मागेका थिए । तर उनले प्रतिनिधिसभामा बहुमत प्राप्त गर्न सकेनन् । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा उपस्थित २५८ मध्ये दाहालको पक्षमा ६३ मत मात्र पऱ्यो । प्रधानमन्त्री बन्नका लागि आवश्यक १३८ मत प्राप्त नभएपछि उनी पदमुक्त भएका छन् । उनको विपक्षमा १९४ मत पऱ्यो । मत दिन्न भन्नेमा १ मत परेको थियो । १० पुस २०७९ मा प्रधानमन्त्री भएका प्रचण्डले पहिलो पटक २६ पुसमा विश्वासको मत लिँदा अभूतपूर्व समर्थन पाएका थिए । उनको पक्षमा २६८ मत परेको थियो भने विपक्षमा २ मत मात्र परेको थियो । दोस्रो पटक ६ चैत २०७९ मा १७२ मत पाए । तेस्रो पटक ३० फागुन २०८० र चौथो पटक ७ जेठमा विश्वासको मत लिँदा समान १५७ मत पाएका थिए । तर यो पटक कांग्रेस र एमालेले नयाँ सरकार बनाउने सहमति गरेसँगै उनी अल्पमतमा परे ।

**बाँकी अन्तिम पेजमा...**

## पाल्पामा छुट्टाछुट्टै घटनामा तीनको मृत्यु

# दुई जनाको खोलामा शव फेटियो, एक जनाको विष सेवनबाट मृत्यु

**पाल्पा,** असार २८/जिल्लामा भएका छुट्टाछुट्टै घटनामा तीन जनाको मृत्यु भएको छ । यहाँका माथागढी गाउँपालिका, रम्भा गाउँपालिका र तानसेन नगरपालिकामा भएका छुट्टाछुट्टै घटनामा तीन जनाको मृत्यु भएको हो ।

जिल्लाको माथागढी गाउँपालिका -४ झडेवाकी बेपत्ता भएकी एक महिला खोलामा मृत भेटिएकी छन् । गत असार २२ गते खेतमा काम गरी बेलुकी घर फर्किने क्रममा बेपत्ता भएकी झडेवाकी ७९ वर्षीया पदमकुमारी घर्ती नजिकैको खोलामा मृत अवस्थामा फेला परेकी हुन् । बेपत्ता घर्तीको खोजी गर्ने क्रममा झडेवा खोला किनारमा मृत अवस्थामा फेला पारिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जाकारी दिए । प्रहरीले महिलालाई खोला तर्ने क्रममा बगाएको हुन सक्ने प्रारम्भिक अनुमान गरेको छ । खेतमा काम गर्न भनि गएकी र



बेलुकी अबेरसम्म घर नफर्किएपछि परिवार र आफन्तले खोजीकार्य गरिदिन प्रहरीलाई अनुरोध गरेका थिए । हराएकै दिनदेखि प्रहरी, आफन्तजन, स्थानीयबासीहरुले उनको खोजतलास गरेका हुन् । खोज्दै जाँदा गाउँपालिकाको केन्द्रदेखि केही तल खोलामा ६ दिनपछि उनी विहीबार मृत अवस्था भेटिएकी थिइन् । घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यस्तै जिल्लाकै रम्भा गाउँपालिका-१, सर्दीस्थित कालीगण्डकी नदी किनारमा एक पुरुषको शव फेला परेको छ । नामथर, वतन नखुलेका अन्दाजी ४०/५० वर्षको जस्तो देखिने पुरुषको शव नदी किनारमा भेटिएको प्रहरीले जनाएको छ । यस्तै विष सेवनबाट एक पुरुषको मृत्यु भएको छ । तानसेन नगरपालिका -११ बडहरबोटका ५९ वर्षीय तिलबहादुर रानाभाटको विष सेवनबाट मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । विहीबार कोही कसैलाई जानकारी नगराई घरबाट हिँडेका उनी घरदेखी अन्दाजी २ कि.मी. दक्षिणतर्फ रहेको प्रतिक्षालयमा फलामको बेञ्चमा विषादीको बट्टसहित सुतिरहेको अवस्थामा मृत फेला परेका थिए । जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षकको कमाण्डमा गएको प्रहरी टोलीले मृतकको नजिकै रोगो क्राउ लेखेको तरकारीमा छर्ने विषादीको बट्टा फेला पारेको थियो । प्रारम्भिक अनुसन्धानपछि शव पोष्टमार्टमको लागि जिल्ला अस्पताल पठाईएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# भानुभक्तको योगदानको कदर गरौं

नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको आज जन्म जयन्ती हो । उनको स्मरणमा हरेक वर्ष असार २९ मा भानुजयन्ती हर्षउल्लासका साथ मनाउने गरिन्छ । यस वर्ष पनि आज २११ औँ भानु जयन्ती मनाउन लागिएको छ । यो दिन नेपाली लोक लयमा आधारित नेपाली रामायणका रचनाकार आदिकविको सम्झना गरिन्छ । १८७१ असार २९ गते (आजैका दिन) भानुभक्तको जन्म भएको थियो ।

पृथ्वीनारायण शाहले भौगोलिक रूपमा एकीकरण गरेको नेपाललाई आदिकवि भानुभक्तले भाषा, साहित्य र संस्कृतिमार्फत एकीकरण गरेका थिए । नेपाली जातीय एकता, राष्ट्रिय पहिचान र नेपाली सांस्कृतिक चेतना जगाउन र राष्ट्रिय संस्कृतिलाई बलियो बनाउनमा उनको ऐतिहासिक योगदान रहेको छ । रामायणको सरल नेपाली अनुवादलाई भानुभक्तको मुख्य योगदान मानिन्छ । भानुभक्तको योगदान, आदिकवि उपाधि, उनका रचनामा भएको प्रगतिशीलताबारे बेलाबेला कोठे गोष्ठी हुँदै आए पनि पर्याप्त मात्रामा खुला बहस भने हुन सकेको छैन । अहिलेको सन्दर्भमा बहस हुनु आवश्यक छ । हरेक वर्ष जन्मजयन्तीमा भानुभक्तको शालिकमा माल्यार्पण गर्दैमा भानु जयन्तीको महत्व बढ्न सक्दैन । संस्कृतको रामायणलाई नेपाली भाषामा अनुवाद गरेर सम्पूर्ण नेपालीहरुलाई एकतावद्ध बनाउँदै भाषिक एकीकरणको सन्दर्भमा भानुभक्तले जुनरुपमा उल्लेखनीय भूमिका खेल्न पुगे, त्यसको महत्वलाई कम आँक्न सकिँदैन । अहिले भानुभक्तको योगदानलाई सबैले विर्सिएका छन् । यो अत्यन्त दुखद् कुरा हो । भानुभक्तप्रतिको योगदान र सच्चा सम्मान उनको जन्मजयन्तीमा विविध कार्यक्रम गर्दैमा र उनको फोटो अनि शालिकमा माल्यार्पण गर्दैमा मात्र हुँदैन । उनीप्रति सच्चा सम्मान गर्नका लागि त आजका पुस्तालाई भाषा र साहित्यको महत्व दर्शाएर प्रारम्भिक समयमा यी दुवै क्षेत्रमा भानुभक्तले पुऱ्याएको योगदानको महत्व बुझाउन सक्नुपर्छ । नयाँ पुस्ताले पनि पुराना सर्जकको महत्वलाई बुझेर कदर र सम्मान गर्ने संस्कृतिको विकास गर्न सक्नु नै भानुभक्तप्रतिको वास्तविक सम्मान हुन्छ । तसर्थ भानुक्तप्रतिको योगदानको अनुसरण गरी सबैले कदर र सम्मान गरौं ।

## Opinion @ Social Network


जिन्दगी पनि एउटा अन्जान किताब हो,
आउदो पानामा के लेखिएमो छ कसैलाई थाहा हुदैंन ।
*(बिबेक के.सीको फेसबुक स्टाटसबाट www.facebook.com//Bibk.K.c)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पर्यावरण विनाश र जनसंख्या वृद्धि: विश्वको भयावह पक्ष



लोकनारायण सुवेदी

*पृथ्वीमा कति जनसंख्या हुनुपर्ने हो भन्ने चर्चा धेरै पहिलेदेखि नै चल्दै आएको हो । प्राचीन लेखक तेतुल्लियनले दोस्रो शताब्दीमा के भनेका थिए भने जनसंख्या पृथ्वीको क्षमता अनुसार नै हुनुपर्दछ । यो पनि गजबकै कुरा छ कि ७५० वर्ष पहिला अर्थात् औद्योगिक क्रान्तिभन्दा पनि पहिला जतिबेला विश्वको जनसंख्या धेरै मन्द गतिले मात्र बढ्ने गर्दथ्यो तर यता १९औं शताब्दी आइपुग्दा नआइपुग्दै यो जनसंख्या बढेर अर्बौंमा पुग्न गयो । १९औं शताब्दीको त्यसै औद्योगिक क्रान्ति पछि जनसंख्यामा पनि वृद्धि भयो भने त्यसको सँगसँगै प्राकृतिक स्रोतसाधनको तीव्र शोषणसमेत बढ्दै गयो । त्यस शताब्दको अन्त्यसम्ममा मानिसको जनसंख्या एक अर्ब थियो त्यो २० शताब्दी लाग्दा नलाग्दै १.६ अर्ब पुग्न गयो र यो २० शताब्दीको अन्त्यसम्ममा पुग्दा ह्वात्तै बढेर ६ अर्बमा आइपुग्यो ।.*

आजको दिनमा विश्वको जनसंख्या ८ अर्ब ५० करोडभन्दा बढी र नेपालको जनसंख्या ३ करोड २ लाखभन्दा बढी पुगिसकेको छ । के मानिँदै आइएको छ भने विश्वमा मानिसको जनसंख्या १३५० मा आएको भयंकर ठूलो महामारी (कालो मृत्यु' अर्थात् (प्लेग'को महामारी पछियता लगातार बढ्दै नै आएको छ । जनसंख्या वृद्धि १३५० पछि सुरु भएको देखिन्छ । त्यसको कारण स्वास्थ्य र बढी खाद्यान्न उत्पादनलाई मानिन्छ । यद्यपि विश्वमा जनसंख्याको वृद्धिदर वर्ष १९८० पछि घट्न थाल्यो तर पनि जनसंख्याको पूर्णाक संख्या फेरि वृद्धि हुँदै रफयो । आजभन्दा एक वर्ष ६ दिन पहिलाको अनुसन्धान प्रतिवेदनले के बताएको थियो भने ५ जुलाई २०१९ का दिन ७६३.४ करोड मानिस यो पृथ्वीमा आएका थिए । आजका दिन यो संख्या ७ अर्ब ७९ करोड ४७ लाख ९८ हजारभन्दा बढी हुन पुगेको छ । के पनि मानिएको छ भने यो धरतीले चार अर्ब मानिसलाई मात्र राम्रो जीवन यापन दिन पर्याप्त छ भने यसले १६ अर्बभन्दा बढी मानिसको बोझ बोक्न सक्ने यसको स्थिति छैन । यो पृथ्वीको अन्तिम सीमा हो । के पनि मानिँदै आएको छ भने आगामी २०४०-५० सम्ममा विश्वको जनसंख्या ८ देखि १० अर्बसम्म पुग्नेछ । किन कि अहिले प्रतिवर्ष ७.४ करोड मानिसको जनसंख्या यो पृथ्वीमा बढ्ने गरेको छ । विश्वका सातवटा देश यस्ता छन् जसका कारणले विश्वको आधा जनसंख्याको भाग उनीहरूमात्र हुन्छ । यो हाम्रो पृथ्वीमा कति जनसंख्या हुनुपर्ने हो भन्ने चर्चा धेरै पहिलेदेखि नै चल्दै आएको हो । प्राचीन लेखक तेतुल्लियनले दोस्रो शताब्दीमा के भनेका थिए भने जनसंख्या पृथ्वीको क्षमता अनुसार नै हुनुपर्दछ । यो पनि गजबकै कुरा छ कि ७५० वर्ष पहिला अर्थात् औद्योगिक क्रान्तिभन्दा पनि पहिला जतिबेला विश्वको जनसंख्या धेरै मन्द गतिले मात्र बढ्ने गर्दथ्यो तर यता १९औं शताब्दी आइपुग्दा नआइपुग्दै यो जनसंख्या बढेर अर्बौंमा पुग्न गयो । १९औं शताब्दीको त्यसै औद्योगिक क्रान्ति पछि जनसंख्यामा पनि वृद्धि भयो भने त्यसको सँगसँगै प्राकृतिक स्रोतसाधनको तीव्र शोषणसमेत बढ्दै गयो । त्यस शताब्दको अन्त्यसम्ममा मानिसको जनसंख्या एक अर्ब थियो त्यो २० शताब्दी लाग्दा नलाग्दै १.६ अर्ब पुग्न गयो र यो २० शताब्दीको अन्त्यसम्ममा पुग्दा फवात्तै बढेर ६ अर्बमा आइपुग्यो । हुन पनि विद्वान् अर्थशास्त्री थोमस माल्थसले भनेका थिए कि पृथ्वीमा यो मानव जाति संशाधनहरूको तुलनामा कैयौं गुणाले बढ्न जानेछ । यो पृथ्वीले कति जनसंख्याको भारबहन गर्न सक्तछ भन्ने बहस शताब्दीऔंदेखि चल्दै आएको भए पनि १९९४ देखि यसको विश्लेषण आरम्भ भयो । त्यतिबेला इण्टर एकेडेमिक प्यानलले आफ्नो प्रतिवेदनमा भनेको थियो कि जनसंख्याका कारण पर्यावरण, जलवायु परिवर्तन, प्रदूषणजस्ता मुद्दाहरू खडा हुन पुग्नेछन् । संयुक्त राष्ट्र संघको जनसंख्या विश्लेषणको २००४ को प्रतिवेदनका अनुसार पनि आगामी २०५० सम्ममा विश्वको जनसंख्या स्थिर हुन पुग्नेछ । तर २०१४ को साइन्स म्यागाजिनले भने यस कुराको खण्डन गर्दै बताएको थियो कि यो जनसंख्या वृद्धि आउँदो शताब्दीसम्म जारी रहिरहनेछ ।

यसअघि २०१७ मा नै ५० जना नोबेल पुरस्कार विजेताहरूले सामूहिक रूपले एउटा अपिलमा भनेका थिए कि अधिकतम मानव जनसंख्या तथा पर्यावरणीय क्षति विश्वका आजका दुइटा ठूलो खतरा बन्न गएका छन् । वर्ष २०१९ मा १५,२६४ जना वैज्ञानिकहरूले के मानेका थिए भने बढ्दो जनसंख्या नै बिग्रँदो समाजिक, आर्थिक तथा पारिस्थितिकीय कारण हो । तथापि जनसंख्याको यो मुद्दा विश्वमा बहसको ठूलो मुद्दा हुने गर्दैन । किनभने यस मुद्दासँग विभिन्न कुरा जोडिएका छन् । जनसंख्याको आर्थिक, सामाजिक तथा राजनीतिक पक्ष जतिजति बेला चर्चामा आउँदछ त्यो विभिन्न किसिमका विवादमा अड्किने गर्दछ । तर हामी कोही पनि जनसंख्याको चर्चामा कतै पञ्छिने या तर्किने गर्न सक्तैनौ । किनभने स्थिति लगातार विष्फोटक बन्दै आएको छ । विशेष गरेर जब विश्वमा प्रत्येक तेस्रो व्यक्तिलाई आज भरपेट खाना प्राप्त गर्न सक्ने स्थिति छैन, विश्वको जनसंख्याको आधाजसो आवादिको शीर ओतिने छत छैन, विश्वको जनसंख्याको केवल ३०.४० प्रतिशत मानिसहरूसम्म मात्र यो पुग्न सकेको छ । यी सबै कारणले गर्दा गाउँघरबाट शहरतिर बाफय जनसंख्या पलायन तीव्र बनेको छ । यस्तो स्थितिमा बुझ्न सकिन्छ कि यदि एक हेक्टरको खेतीबाट २२ टनमात्रै धान उत्पादन गर्न सकिन्छ र त्यसबाट १००० मानिसको मात्र पेट भरिन्छ भने यसबाट अगाडिको स्थिति के कस्तो होला सहजै अनुमान लगाउन सकिन्छ कि स्थिति कति भयावह छ । यो मानव जनसंख्याका साथै हामीले यो पृथ्वीका अरू प्राणीहरूको बारेमा पनि सोच्नुपर्ने हुन्छ । एउटा प्रतिवेदनका अनुसार १.४ लाख प्रजातिहरू आज यो धरतीबाट विलुप्त हुने संघारमा पुगिसकेका छन् । तीमध्ये ८०१ वन्य जीवजन्तु पनि सामेल छन् । ( वर्डवाइड फण्ड फर नेचर' ले दिएको एउटा प्रतिवेदन अनुसार विश्वको मानव जनसंख्या यदि यसै गतिमा बढ्दै जाने हो भने आजको यो हाम्रो पृथ्वीभन्दा डेढ गुणा ठूलो अर्को पृथ्वीको आवश्यकता छ । अर्कोतिर बढ्दो जनसंख्याका कारण सुरक्षित पिउने पानीको उपलब्धतामा पनि सोझो असर परेको छ । बढ्दो वायु प्रदूषण, माटो तथा ध्वनि प्रदूषण आदि सोझै बढ्दो जनसंख्याकै कारण उत्पन्न समस्या हुन् । बितेको १९७० देखियता २०१५ को बीचमा ऊर्जाको उपभोगमा कैयौं गुणा वृद्धि भएको छ । यसको अर्थ हो १९७० मा यदि ऊर्जाको उपभोगलाई शून्य मान्ने हो भने २०१० मा यो १५० गुणाले बढी हुन्छ र २०२५ सम्म गइपुग्दा यो २५० गुणा बढी हुनपुग्नेछ र यसका लागि हदभन्दा ज्यादै बढी प्रकृतिको शोषण हुनजानेछ । हामीलाई थाहा भएकै कुरा हो कि विश्वमा बाल शिशु मृत्युदर बढ्दो गरिबीका कारण उत्पन्न भएको हो । अनिकाल, कुपोषण र अरू नयाँ-नयाँ बिमारीहरूको सिधा कारण बढ्दो जनसंख्यासँग जोडिन पुग्दछ । अनि कठिनाइ के छ र हुन्छ भने विश्वमा कुपोषित र अल्पपोषित मानिसहरूको संख्या पनि निरन्तर बढिरहेको छ । अहिले त स्थिति कहाँसम्म पुगेको उल्लेख गरिन्छ भने बृटेन जस्तो सक्षम मानिएको देशलाई पनि आफ्नो देशका मानिसलाई बचाउन खाद्यान्न आयात गर्नुपर्ने स्थिति बनेको छ । तर विश्वका हरेक देशको स्थिति यस्तो छैन कि ब्रिटेनले जस्तै सबैले आवश्यक खाद्य सामग्री आयात गर्न सकुन् । धेरैजसो देशहरूको आर्थिक स्थिति त्यस्तो राम्रो छैन जसले गर्दा उनीहरूले आवश्यक खाद्य पदार्थ सहजै आयात गर्न सकुन् । फलत: ती देशका मानिसहरू आवश्यक खाद्यान्न र खाद्य पदार्थको अभावले कुपोषण र अल्पपोषणको शिकार हुनु अनिवार्य छ । अनि खाद्य सम्प्रभूता र खाद्य अधिकार अर्थात् यो कागजी अधिकारको कुरा गरेर के गर्नु ? एकदमै स्पष्ट छ कि जनसंख्या अहिलेकै गतिमा बढ्दै जाँदा अन्न, पानी र प्राण वायुसम्मका सबै कुराहरूमा बहुतै ठूलो संकट उत्पन्न हुन जानेछ । आजै र अहिले नै पनि यी प्राकृतिक संशाधनरुमाथि परिरहेको दबाब स्पष्ट देख्न सकिन्छ । अझ बितेको दुई दशकयता यो दबाब अझ गम्भीर र गहिरो बनेको छ । यस स्थितिमा कल्पनामात्र गर्न सकिन्छ कि आउँदा दुई तीन दशकभित्र पस्थिति कति भयावह र विष्फोटक बन्ला ! त्यसैले हामीले बढ्दो विश्व जनसंख्या र पृथ्वीको बहन क्षमता (क्यारिङ क्यापासिटी) तथा वर्तमान असमान विश्व विकास परिस्थितिमाथि महावहस चलाएर निर्णायक निष्कर्षमा पुग्नु एकदमै विलम्ब भइसकेको छ ।

अन्यथा यो विश्व संशाधनहरूको महासंकट र भयावह युद्धको घानमा पर्ने कुरा प्राय: निश्चित छ । विश्वमा सरदर ८० प्रतिशत स्रोतसाधन २० प्रतिशतको हातमा केन्द्रित छ भने ८० प्रतिशत आवादीले २० प्रतिशत स्रोतसाधन मात्रको भरमा जीवन निर्वाह गर्नुपर्ने जुन असमान स्थिति सिर्जना भएको छ त्यसको समुचित निराकरण गर्नु अनिवार्य र अपरिहार्य छ । अहिले चलिरहेको कोरोना महामारी, डेंगुको भयावह स्थितिले हामीलाई जनसंख्या, स्रोतसाधनका बीच कसरी सन्तुलनकारी स्थिति सिर्जना गर्ने र असमान स्रोतसाधनको व्यवस्थापन कसरी गर्ने भन्ने गम्भीरतम् विषयतिर राम्रैसँग घचघच्याएको छ । हामीले हाम्रो रक्षा गर्ने पृथ्वीका अधिशासित नियमहरूको पालना गरेर यसको रक्षा गर्न सिकेनौं भने यसले पनि हाम्रो रक्षा गर्न छोडिदिनेछ । पृथ्वी रक्षति रक्षिता भन्ने कुरा कति महत्वपूर्णछ मनन गरौं । न स्रोतसाधनको व्यवस्थापन कसरी गर्ने भन्ने गम्भीरतम विषयतिर राम्रैसँग घचघच्याएको छ । हामीले हाम्रो रक्षा गर्ने पृथ्वीका अधिशासित नियमको पालना गरेर यसको रक्षा गर्न सिकेनौं भने यसले हाम्रो रक्षा गर्न छोडिदिनेछ । पृथ्वी रक्षति रक्षिता भन्ने कुरा कति महत्वपूर्ण छ मनन गरौं !

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ । | **तुला** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । स्वादिष्ट भोजन पाइनेछ । |
| **वृष** : संयम रहनु होला । नियमित खर्चसमेत बढ्ने योग रहेको छ । | **वृश्चिक** : अतिथिका रूपमा सम्मान पाइनेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । |
| **मिथुन** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । लगानी गर्ने समय पनि छ । | **धनु** : प्रतीक्षा गरिएको काम पूरा हुनेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । |
| **कर्कट** : रमणीय यात्रा फलदायी हुँदैछ। आकस्मिक धन लाभ हुनेछ । | **मकर** : धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ । |
| **सिंह** : शुभ समाचार सुन्न पाइनेछ । मनोरञ्जनको क्षेत्रमा सहभागी भइनेछ। | **कुम्भ** : रोकिएका अधुरा कार्यहरू पुरा हुनेछन् । पारिवारिक सहयोग मिल्नेछ। |
| **कन्या** : शरीरमा स्फूर्तिको कमी हुनेछ। झुटा आरोप आइपर्दा समस्या खेप्नुपर्नेछ। | **मीन** : परिवारजनको साथले नयाँ आशा पलाउनेछ । मित्रबाट सहयोग मिल्नेछ । |


# साहित्य दर्पण

निबन्ध • चूडा मणि रेग्मी

# मुसाको रास–लीला

यही कोठो हो, जसलाई मैले 'जनतन्त्रे' नै घोषणा गरेथें । सम्विधान माने पनि, मालपोत तिरे पनि, सम्पूर्ण परिवारका सदस्यको हकमा परे पनि मलाई स्वतन्त्र रूपमा पढ्न, लेख्न र मेरा साहित्यप्रेमी, साहित्यिक वरिष्ठदेखि कनिष्ठसम्मले खुल्ला गफ गर्ने 'खुलाथलो' बेलायतको 'वक्ताको कुनो' जस्तो यो ठाउँलाई मेरा आफ्ना भाषामा 'जनतन्त्रे कोठो'का रूपमा भनिदिएँ । सायद, 'वक्ताको कुनो' सकार्ने मानसिकता थिएन मेरो र जनतन्त्र व्यापक अर्थलाई मैले आफूखुसी सीमित गरिदिएँ जसरी सही शब्दले 'गोबर'लाई लिदी र गुहूमा सीमित गरिदिएको छ । जनतन्त्रे उपनामधारी मेरो यो कोठाले आइएदेखि जाइएसम्मका विद्यार्थीको स्वागत गरेको छ । कैयौं शोधार्थीलाई शोधकार्य गर्न बस्न दिएको छ । वम्शगत भूत पनि विचित्रको हुँदोरहेछ । अघि मेरा बाले १/१ महिनासम्म कानचिरा लट्टाधारी साधु-सन्यासीहरूलाई थालभरि घिउ भात ख्वाएर, कचौराभरि-भरि दुध ख्वाएर धुनी लाउन दिन्थे । बाको त्यो पुण्यकार्यले अभिप्रेरित त्यही पुण्यकार्य गारउँदो रहेछु म यो जनतन्त्रे कोठामा । मेराचाहिँ साधु-सन्त शोधार्थी हुन् । गहिरिएर विचार गर्दा शोधार्थी र साधुसन्तमा फरक रहेनछ । पुण्यकार्यका निम्ति खप्नुपर्ने घच्चा मुखले भट्याएर कमाएको पुण्य किन मास्ने ? जे होस्, पुण्यकार्य-योगदाता हो यही 'जनतन्त्रे कोठो' । यो कोठाले सुख पनि भोग्यो, दु:ख पनि भोग्यो । नेपाली साहित्यको इतिहास बनाउने धेरै जना यहाँ बसे । तीमध्ये धेरैले विविध चरित्र पनि प्रदर्शन गरे । एक जनाको कुरा यहाँ बखानौं । तिनलाई ओढ्ने लुगा दिन जानेले यो कोठामा वास्तवमै ती महासाहित्यकारलाई उहिलेको नागा बाबा नै देख्नुपऱ्यो । यो कोठाका कति पत्रिका, कति पुस्तक कुन-कुन साधु-सन्तले आृना झोलामा हाले, त्यो कुरा यहाँ बखान नगरौं । यो 'जनतन्त्रे कोठा'मा नेपाली साहित्यका इतिहासका पानाहरू विराजमान छन् । यहाँ वरिष्ठ विराजमान भए भने कनिष्ठ पनि आए । यहाँ मित्रहरू छाए भने वैरिहरू पनि आए । यहाँ झगडा कम्ती भए, अनेकौं शास्त्रीय गफ भए । नढाँटी भन्दा यहाँ 'वात्स्यायन गफ' पनि भए, क्षमा चाहन्छु 'जनतन्त्रे कोठा'मा गफको दुरूपयोग भएकामा !

गफगाफका कुरा छाडेर लेखलाखका कुरा गर्ने हो भने 'जनतन्त्र' घोषणा भएउप्रान्त यो कोठामा 'सचेत विचार' राँकिएर उठ्यो, निराशा बिरालो भएर भाग्यो, कुण्ठाले सुइँकुच्चा ठोक्यो । कोठाको मालिक मेरा कपाल फुले, तर मनमा उत्साह बढेरै गयो । पान, तास अन्य व्यसनमा हुने खर्च, पुस्तक र पत्रिकामा भए, अनि भए काव्यशास्त्रीय विनोद, अध्ययन, सामग्री-सङ्कलन, लेखन, सम्पादन र छापेका पत्रिकाको वितरण गर्ने काम । हेर्छु यो कोठामा कागज छरिएका छन्, पुस्तक छरिएका छन् । यहाँ आउने डाक्टरले यदा-कदा नि:शुल्क सुझाउ दिन्छन- 'दराज किने हुने ! नम्वर दिएर पुस्तक-पत्रिका राखे हुने !' निजी पुस्तकालय भए पनि सबैको सम्पत्ति ठान्ने धेरै चुकचुकाए, भित्रभित्रै आफ्ना गल्ती छोप्छु, कमजोरी लुकाउँछु । आर्थिक अक्षमताको थाहै नुहने गरी घाँटी निमोठिदिन्छु । फलानो पुस्तक छैन,



*आँखाका अगाडि 'बम खसेको हिरोसिमा' छ । मेरा जनतन्त्रे कोठाभरि देख्छु, कागजका टुक्रा, लिंड र मठुरिएका पुस्तक ! रुन मात्र सकिनँ । आँखाले नियालेर हेर्छु, छाती छाम्छु, क्रौञ्चविहीन क्रौञ्ची पक्षीको व्यथा छ । 'मोरो मुसाले' रास-लीला गरेछ ! आश्चर्यचकित पनि हुन्छु । छिमेकको कोठामा धानकोठातिर सरेछ अहिले । दिमागमा सत्य कुराको ज्ञान भएपछि निर्णय निकाल्छु मुसाले होस् कि जसले, जाडामा रासन-पानी भेटेपछि 'रुई, दुई र फुई'को उखान चरितार्थ गरिहाल्छ नि !*

*मुसाको रास-लीलावारे गम्दा-गम्दै हाम्रा सचेत नेताहरूतिर ध्यान गयो मेरो ।*

फलानो पुस्तक पाँचपटक किनें, त्यो पनि छैन । २०१२ सालको फलानो पत्रिका ६ महिना अघिसम्म थियो । अहिले छैन, जे होस् न ! मेरा साधु ! मेरा सन्न्यासी ! मेरा कान्चिरा मलाई प्यारा छन् । मेरा लागि मेरी प्रेयसी प्रथम प्रेयसी मुटु हुन् भने मेरा यी शोधार्थी, पुण्यकामी, कीर्तिउन्मुखी मेरा लागि अतिप्रिय वस्तु हुन् । मेरी प्रेयसीसँग मेरो नङ-मासुझैं सम्बन्ध छ भने यी शोधार्थीसँग पनि मेरो फदयको एकाकार छ । यस्तो जनतन्त्रे कोठमा असरल्ल पुस्तक छरिनु पत्रिका छरिनु र कागजका टुक्राहरूले फोहोर हुनु स्वाभाविक भए पनि लामखुट्टे र झिंगाहरूलाई भने प्रवेश-निषेध छ, किनभने झ्याल-ढोका प्राय: खुल्दैनन् । गर्मीमा गर्मी होस्, बिजुली भए पङ्का चलाउने, नत्र भरिसक्के नबस्ने, तर झिँगा र लामखुट्टेहरूलाई प्रवेश-निषेध ! एकाधपटक साङ्ला महाराज हिंडिटोपले तर सरल-सरल उपायले नै तिनको पनि बातो बस्यो ! तैपनि यदा-कदा भ्रष्टाचारीले छाल गन्दा पनि भ्रष्टाचार गर्न नछाडेझैं 'साङ्लाप्रकोप' देखिएकै हो । तर ! तर ! मूर्च्छा पर्ने कुरा छ, यता यो जाडामा मुसाले चमत्कार गरेछ ! प्रत्येक वर्ष यहाँ जाडो आएको हो । यो कोठो पनि थियो । यसमा म थिएँ नै । मेरा साधु-सन्न्यासी महोदयहरू पनि आए-गएका हुन् । खुसुक्क कुनै दिन कहिले केही भयो होला ! म भन्न सक्तिनँ । योपटक यो जाडामा त फलानाले अचानक मध्यावधिको घोषणा गरेझैं 'कोठा-हमला'को घोषणा गरेछ । मध्यावधिको घोषणा गर्नेले भित्रभित्रै साउती मारेर कुरो सिध्याएझैं मुसाले पनि मुसिनी भित्र्याएर यो कोठामा बिध्वंस मच्चाएछ ! थोरैले सही पूर्वाञ्चलमा मोतीरामले गर्ने काम गर्ने बाहुन भनेको लेखकको स्वतन्त्र 'जनतन्त्रे कोठा'मा गर्नु-नगर्नु चर्तिकला गरेछ ! एक बिहान देख्छु, जनतन्त्रे कोठा रोइरहेको छ । आँखाका अगाडि 'बम खसेको हिरोसिमा' छ । मेरा जनतन्त्रे कोठाभरि देख्छु, कागजका टुक्रा, लिंड र मठुरिएका पुस्तक ! रुन मात्र सकिनँ । आँखाले नियालेर हेर्छु, छाती छाम्छु, क्रौञ्चविहीन क्रौञ्ची पक्षीको व्यथा छ । 'मोरो मुसाले' रास-लीला गरेछ ! आश्चर्यचकित पनि हुन्छु । छिमेकको कोठामा धानकोठातिर सरेछ अहिले । दिमागमा सत्य कुराको ज्ञान भएपछि निर्णय निकाल्छु मुसाले होस् कि जसले, जाडामा रासन-पानी भेटेपछि 'रुई, दुई र फुई'को उखान चरितार्थ गरिहाल्छ नि !

मुसाको रास-लीलावारे गम्दा-गम्दै हाम्रा सचेत नेताहरूतिर ध्यान गयो मेरो । पहिले खान नपाएका नेता कस्ता थिए ! अहिले सत्ता-भत्ता भेटेपछि आफ्नी मुसुनीसँग पजेरोमा गुडेर रास-लीला गर्न थालेका छन् ! भकारीमा मुख गाड्न पाएपछि मुसाले मुसिनी खोज्छ, खोज्छ ! हाम्रा नेताहरू पनि सरकारी ढिकुटीमा हात हाल्न पाएपछि सुरा-सुन्दरीमा मस्त हुन्छन्-हुन्छन् ! ऋणम् कृत्वा घृतम् पिवेत् । चोरेर होस्, ढाँटेर होस्, छलेर होस् अचेल मोज गरिन्छ, आफ्नो नसही ! अर्काको भँडारलाई निजस्व पारिन्छ । आफ्नो नसही अर्काकै भए पनि गाडी चढेर भए पनि मोज गरिन्छ । यहाँ मोज गर्नुपर्छ, यहाँ आनन्द लुट्नुपर्छ, यो मुसो सिद्धान्त हो । हो, मेरो जनतन्त्रे कोठो शोधको थलो हो । मुसाको रास-लीला एउटा शोध हो । 'लुटम् कृत्वा घृतम् पिवेत' यो मेरो निष्कर्ष हो ।

*-समकालीन साहित्य डटकम*

कथा • उपेन्द्र सुब्बा

# ससुराली

चुङ्चिवा खोला तरेर आधा घण्टा उकालो हिँडेपछि खोक्सुङले चौतारीमा आफ्नो झोला बिसायो र पारि आफ्नो गाउँ हेऱ्यो । उसले टार खेतमाथिको आफ्नो घर ठम्यायो । चुन र टिनले टल्केको तीनधुरे घर, क्याप्टेन हर्कजङले अट्ठाइस् सालमा यो घर बनाएपछि क्याप्टेनको नामै फेरियो 'ठूलाघरे क्याप्टेन' । गाउँमा इन्डियन, मलाया, हङकङका अरू पनि क्याप्टेन ल्याप्टेनहरू थिए तर सबैको भन्दा ठूलो घर यही थियो । खोक्सुङले झोलाबाट चौंठो निकाल्यो । छेउमै भएको भोकटेको पात टिपेर दुनाजस्तो बनायो अनि रक्सी सारेर स्वाट्टै पाऱ्यो । दौराको फेरोले मुख पुछेर एक पटक सुसेली हाल्यो । मन्द बतास पनि त्यहीवेला चल्यो, निधारको पसिना थोरै सुक्यो । खोक्सुङ झोला टिपेर लाग्यो उकालो । खोक्सुङ आज जोडटोडले हिँडेर रात-साँझ ससुराली पुग्नेछ' दश वर्षअघि विहे हुँदा खोक्सुङ मात्र चौध वर्षको थियो । 'विहे गर्दिनँ' भन्दै खोक्सुङ सात दिन सात रात रोएको थियो तर क्याप्टेनको अघि उसको केही सिप चलेन । उमेरले आफूभन्दा चार वर्ष जेठी बाउकै नम्बरीकी छोरीसँग धुमधामले विहे भयो उसको । यो अवधिमा थुप्रै घटानाहरू भए । सबभन्दा ठूलो घटना त ठूलाघरे क्याप्टेन नै बिते । खोक्सुङका दुई दिदीहरूले सुखले कुटुम्बघर गरिखाएका छन् तर उसकीले भने के खोजेकी हो कुन्नि ? फकाईफुलाई गरिल्यायो, भागेर माइत पुगिजान्छे । गरेर खानलाई क्याप्टेनले प्रशस्तै खेतबारी जोडिदिएका छन् । क्याप्टेन्नीले पनि बुहारीलाई नराम्रो गरेको होइन । बुहारीलाई पल्टनबाट ल्याएको स्लिकको साडी, टाटनको बर्को दिएकै हुन्, नौगेडी-शिरफूल, गहनापात शिर्जन्तै दिएकै हुन् तर बुहारी भने हप्ता दिनभन्दा बढी घर अडिन्न । भन्नेहरूले के के थोकसम्म भने खोक्सुङलाई ? कति साथीभाइले त कसरी शुरु गर्ने ? लक कसरी लगाउने ? भन्नेसम्मका आइडिया दिन पनि भ्याइसकेका थिए । खोक्सुङ आज स्वास्नी लिन सातौं पटक ससुराल जाँदै छ । उसले सोचेको छ- यो अन्तिम हो, अब उप्रान्त जाने छैन' बल्ल उकालो सकियो । खोक्सुङले अनुहारको पसिना पुछ्दै लामो श्वास फेऱ्यो र आफू आएको बाटोतिर हेऱ्यो । तलको खोला धर्सोजस्तो मात्र देख्यो । अलिक मास्तिर फच्चाकफुचुक परेका घरहरू । अबको बाटो तेर्सेतेर्सो मात्र भन्ने सोच्दा खोक्सुङको मन फुरुङ्ग भयो । बाटोछेउ चौरमा झोला बिसाएर उत्तानो पल्ट्यो । उज्यालोमै ससुराल पुग्न खोक्सुङलाई मन पर्दैन । बाटोमा अनेक मान्छे भेटिन्छन् । कति ढोग्नुपर्ने भेटिन्छन्, कति साली- भदैनीहरू भेटिन्छन् । सालीभदैनीहरू इत्रिएर लाजै पार्छन् । खोक्सुङले झोलाबाट चौंठो निकाल्यो र ठाडो घाँटी लगायो । तीन घुड्को लगाएपछि 'आ' गर्दै मुख मिठ्यायो । झोला बोकेर ससुरालको बाटो हेर्यो- तेर्सैतेर्सो, डाँडैडाँडा, लेकैलेक । त्यहाँबाट अलिकति ओरालो भरेपछि पुगिन्छ ससुराली । खोक्सुङ बाटो लाग्यो । एक्लै बाटोमा हिँड्दा स्वास्नीसँग बिताएका केही अविस्मरणीय क्षणहरूको सम्झना आउन थाल्यो' तेस्रो दशैंको रित बुझाएर खोक्सुङले स्वास्नी घर ल्याएको थियो । बोलचाल थिएन । आफ्नो मजेत्रो मात्र ओढेर स्वास्नी गुन्द्री ओछ्याएर भुइँमा सुत्थी । एक रात जाडोले निदाउनै नसकेपछि खोक्सुङकी स्वास्नीले आधारातमै उठेर आँगनमा खरेटो लगाई, घरका भाँडाकुँडा धोई । तै पनि उज्यालो भएन । कोठामा आई । जाडोले लगलग काम्दै बसी । बिरहमा पालम गाई । के सुरमा हो बोलिपठाई- 'ए, म दु:खियाको सुर्ती पनि सकिएछ !।' खोक्सुङ निदाएको थिएन । सिरानीमा राखेको सुर्तीको पोका स्वास्नीतिर फालिदियो । स्वास्नीले भनी, 'ए' धर्मै भयो ।' स्वास्नीले सुर्ती बेरेर खाइसकी । अहँ, अझै उज्यालो भएन । बिहान झन्झन् चिसो बढ्दै गएपछि बिस्तारै आएर खोक्सुङ सुतेको खाटमा बसी । एकछिनपछि त्यही छेउमा ढल्किई । खोक्सुङको उसै घाँटी सुकेर आयो । आँट कसेर ओढेको सिरक स्वास्नीतिर फालिदियो । स्वास्नीले थोरै सिरक तानेर खुट्टासम्म छोपी । खोक्सुङको सास बढेर आयो, त्यस्तो जाडोमा पनि उसको निधारभरि चिटचिट पसिना आयो । सुकेको घाँटी थुकले भिजाउन खोज्यो, थुक निल्न सकेन । बल गरेर थोरै स्वास्नीतिर सर्यो । उसलाई स्वास्नीको जीउबाट तातो राप आइरहेको जस्तो लाग्यो । उसले आँट गरेर स्वास्नीतिर हात बढाउन मात्र के खोजेको थियो, स्वास्नीले कोखामै एक घुस्सी मारी । खोक्सुङ हल न चल भयो । स्वास्नी खाटबाट उठेर हिंडी । बिहान हुनेवेला खोक्सुङ भुसुक्कै निदायो । बिहान उठ्दा स्वास्नी घरमा थिइन । ऊ पहिलो पटक भागेकी स्वास्नी लिन ससुराल गयो । सासू-ससुराले आफ्नो छोरीलाई सम्झाएर, बुझाएर घर फर्काउने भए तर फर्किने दिन स्वास्नी घरमा छैन । सोधिखोजी गर्दा थाहा भयो- स्वास्नी त भागेर मावली पुगिछे । खोक्सुङ एक्लै घर फर्यो । त्यसपछि- खेक्सुङका बाबु खस्ता मात्रै स्वास्नी घर आई । कार्जे सकेर कुल-कुटुम्ब सबै गएपछि घरमा आमा, खोक्सुङ र स्वास्नी मात्र रहे। एक रात खोक्सुङले आँट कस्यो- अब साथीभाइले भनेजस्तै नगरी भएन । ऊ हिंस्रक आक्रमणमा उत्रियो तर कसोकसो कर नपरिरहेको मौका पारेर स्वास्नीले छातीमा जोर लात हानी । खोक्सुङ उछिट्टिएर कुनामा पछारियो । कुनामा ओथारो बसेको कुखुरा तर्सेर कराउँदै बाहिर निस्क्यो । घरभित्र सुतेकी आमा स्याल आएको भन्ठानेर हातमा अगुल्टो लिएर कराउँदै बाहिर निस्किइन् । त्यही मौकामा स्वास्नीले चम्पट हानिछे । खासमा खोक्सुङ आमाको करले मात्र स्वास्नी लिन जाँदै छ । उसलाई यो स्वास्नीले घर गरी खान्छ भन्ने फिटिक्कै विश्वास छैन । पल्टनमै सम्धि बोलेका बाउ पनि अब छैनन् । आमाले 'बाउको वचन त राख' भनेकाले मात्र ऊ अन्तिम पटक ससुराल जाँदै छ । खोक्सुङ ससुराल पुग्दा सासूआमा बाहिर सिकुवामै भेटिइन् । ज्वाइँलाई देख्नासाथ घरभित्र मुन्टो घुमाएर कराइन्, 'कान्छी बाहिर निस्की ।' खोक्सुङले सासूआमालाई ढोग्यो । 'ए, भेना पो ।' कान्छी सालीले सेवारो गरी । हतार-हतार खाटमा राढी ओछ्याउँदै साली हुनाको मजाक थपिहाली, 'हाओ भेना । तपाईं त ससुराल आउनै पो छोड्नुभो त ? दिदीले साह्रै पो चित्त दुखाइदियो कि ? दिदीको सट्टा कि मै पो जाऊँ हाउ ?' खोक्सुङले शिरदेखि पाइतालासम्म सालीलाई एकखेप हेर्यो । अस्तिको फुच्ची केटीमा अचम्मैको आकर्षण देख्यो तर केही नबोली मुस्कुरायो मात्र । पानीको गाग्रो बोकेर आउँदै गरेकी स्वास्नीले पिँढीनेर आइपुग्दा खोक्सुङलाई देखी । बहिनीले दिदीको डोको समाई । गाग्री निकालेर खुट्टा बजार्दै स्वास्नी घरभित्र गएको खोक्सुङले हेरेन । त्यहीवेला सासूआमाले कान्छीलाई कराइन्, 'फतरफतर के बोलिबसेको ? भेनालाई भित्र बोला ।' सालीले 'लु भेना भित्र जाऊँ भनेको खोक्सुङलाई बडो अच्छा लाग्यो । ऊ भित्र के पस्यो, स्वास्नीचाहिँ फुत्तै बाहिर निस्किई । सासूआमाले सम्धिनीको सन्चोबिसन्चो सोध्दै गर्दा आइपुगेका ससुराबाले दैलोमै उभिएर सोधे, 'को हाओ यो रूखको ठुटाजस्तो ?' 'बाउ म पो,' खोक्सुङले ससुराबा उभिएकै ठाउँमा गएर खुट्टामै ढोग्यो । 'ए नाक्चीको पोइ पो !' ससुराबाले कम्मरमा बाँधेको खुकुरी खोलेर मूल खाँबोको काँटीमा झुण्ड्याए । त्यसपछि खाटमा उपरखुट्टी लाउँदै सोधे, 'अनि किन पो आइस् त ?' 'हजुरको सम्धिनीले बुहारी लिन पठाएर पो,' खोक्सुङले सानो स्वरमा भन्यो । 'तेरो स्वास्नी हो, आफैँ फकाएर लैजा,' ससुराबाले कुरा सके । सालीले किनामा भुट्नलाई डढाएको खुर्सानीले खोक्सुङ नराम्ररी सर्कियो । ऊ नाकमुख छोपेर खोक्दै सिकुवामा निस्कियो । खाटमा बसेकी स्वास्नी फुत्त भित्र पसी । खाना खाएर खोक्सुङ बाहिर खाटमा बसिरहेको थियो, स्वास्नी र साली जूठा भाँडाकुँडा लिएर निस्किए । खोक्सुङलाई लाग्यो- मौका यही हो स्वास्नीसँग कुरा गर्ने । आजसम्म उसले स्वास्नीसँग दोहोरो बात मारेकै थिएन । छेउमा पुगेर उसले भन्यो, 'घर गरिखाने हो भने भोलि घर हिंड, होइन भने'! खोक्सुङले पूरा कुरा भन्नै नपाई स्वास्नीले हातको भाँडा पछारी र घरभित्र पसी । 'छि: भेना तपाईं त ! बूढी फकाउन पनि नजान्ने ।' सालीले खितिति गरेर हाँसिदिई । खासमा खोक्सुङले पनि त्यसै भन्न चाहेकोचाहिँ थिएन । उसले राम्ररी नै फकाउनु चाहेको थियो तर भन्दा त्यसै भनिपठायो । आफ्नो कुरै नसुनी स्वास्नी फन्केर हिँडेकोमा खोक्सुङको चित्त दुख्यो, रिस पनि उठ्यो । सालीले एक्लै धन्दा सकी । स्वास्नी बाहिर निस्किँदा पनि निस्किइन । भेना ! राति डर लाग्छ भने भन्नू है ! म साथी दिन आउँछु ।' खाटमा ओछ्यान लगाइदिँदै सालीले भनी । 'ल ।' 'नसुती पर्खिनु है त ।' सालीले आँखा पनि सन्काइदिई । खोक्सुङ हेरेकोहेर्यै भयो । सालीले भित्र पसेर ढोकामा आग्लो लगाएपछि खोक्सुङ सिरक ओढेर ओछ्यानमा ढल्क्यो । जुनेली रात थियो । गाउँका कुकुरहरू भुकेको सुनेर ससुराली घरको कुकुर पनि भुक्न थाल्यो । स्वास्नीको बारे मनमा अनेक कुरा खेलाउँदै, ओल्टोकोल्टो गर्दागर्दै खोक्सुङ आधा रात कट्नै लागेको वेला भित्रबाट ढोका खोलियो । खोक्सुङ तर्सियो तर मस्त निदाएजस्तो नाटक गर्यो । मनमा झिलिक्क लोभ आयो- 'साली त होइन ?' उसले सिरक्लाई उचालेर हेर्यो । होइन, स्वास्नीचाँहि रहिछ । ऊ चाल मारेर उठ्यो र बिस्तारै स्वास्नीको पिछा लाग्यो । स्वास्नी सुँगुरको खोरपछाडि पिसाब फेर्न बसी । खोक्सुङ त्यहीं पुग्यो । स्वास्नी तर्सेर उठी । खोक्सुङले पाखुरामा च्याप्प समातेर आफूतिर तान्यो । स्वास्नीले फुत्कनका लागि सक्दो बल गरी, खोक्सुङले झनै कसिलो गरी कस्दै ल्यायो । केहीछिनपछि स्वास्नीले बल गर्न छोडी । अब खोक्सुङले मनमौजी गर्नथाल्यो । गाउँभरिका कुकुरहरू उसै गरी भुकिरहेका थिए । ससुराली घरको कुकुर भने खोई किन हो ? चुप थियो । बिहान साली आँगनमा खरेटो लाउँदै गर्दा खोक्सुङ ससुरालको नयाँ ओखली नियाँल्दै थियो । 'के पो हेर्नुभो भेना त्यति साह्रो ?' सालीले सोधी, 'हाम्रो लेकमा धान कुटी खानु छैन क्यारे । यसो किनामा बनाई खानुलाई बनाको ।' 'ओए कान्छी, ज्वाइँलाई गोरु फुकाई दे । तल तोरीबारी जोतोस् ।' पिंढीमा उभिएका ससुराबाले आदेश दिए । 'कान्छी, भेनालाई भित्र ले ! खाजा खाएर जानू !' घरभित्रबाट सासूआमाले भनिन् । खोक्सुङ भित्र पस्दा स्वास्नी जाँड छान्दै थिई । रातिको हर्कत सम्झेर उसलाई लाज र डर दुवै भयो । 'उसै त भागिहिँड्ने, अब त झन् के मान्ली र घर जान । गोरू नारिराखेर उतैउतै धाईफाल दिनुपर्ला । भुत्रा गर्नु ससुरालीको काम ? अर्कै केटी ल्याइन्छ । साले झ्याइँ झ्याइँ विहे गरिन्छ' यस्तै के के सोच्दै गर्दा खोक्सुङको अगाडि सालीले जाँड राखिदिई । खोक्सुङले शङ्का मान्दै डबका उठायो । सोच्यो- 'अमिलो होला पक्कै । यसले मलाई भगाउने जाँड बनाएको हुनुपर्छ ।' एक सुरुप जाँड तानेपछि खोक्सुङ छक्कै पर्यो । उसले आजसम्म ससुराल घरमा यति मीठो जाँड पाएकै थिएन । सास नफेरी डबका रित्यायो । सालीले तीन खेप थपेपछि बल्ल उठ्यो । खोक्सुङ जाँडले रमरम भएर आँगनमा निस्किँदा स्वास्नीले हल्लुँडजोतारो दिँदै भनी, 'छिटो गरेर आउनू है ! घर जानु ढिलो हुन्छ ।' अचम्म ! विश्वास नलागेर खोक्सुङले स्वास्नीलाई पुलुक्क हेर्यो । स्वास्नी रातीपिरी भएर लजाउँदै भित्रतिर गई । खोक्सुङले रातिको कुरा सम्झ्यो । फिस्स हाँसेर लाग्यो बारीतिर छिटोछिटो ।

*-साहित्यपोस्ट डटकम*

# आज भानु जयन्ती मनाइँदै



**पाल्पा,** असार २८/नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको २११ औँ जन्मजयन्ती आज देश तथा विदेशका विभिन्न स्थानमा विविध कार्यक्रमको आयोजना गरी मनाइँदैछ । विसं. १८७१ असार २९ गते तनहुँको चुँदीरम्घा गाउँमा जन्मिएका भानुभक्तको स्मरण गर्दै उनको जन्मजयन्ती मनाउन लागिएको हो ।

संस्कृत भाषामा लेखिएको रामायणलाई भावानुवादसहित नेपाली भाषामा प्रस्तुत गरेका थिए । उनले लेखेको रामायण अहिले पनि नेपालीहरूको घर-घरमा सस्वर लयका साथ पाठ गर्ने गरिन्छ । पृथ्वीनारायण शाहले भौगोलिक रूपमा एकीकरण गरेको नेपाललाई आदिकवि भानुभक्तले भाषा, साहित्य र संस्कृतिमार्फत एकीकरण गरेका थिए । 'जन्मिएपछि राम्रो काम गरेर नाम कमाउनुपर्छ' भनी अर्ती उपदेश दिएकाले उनी रामायणलाई नेपाली भाषामा अनुवाद गर्न प्रेरित भएका थिए । 'बधुशिक्षा' उनको अर्को प्रसिद्ध कृति हो । यसैगरी उनका 'प्रश्नोत्तर', 'भक्तमाला', 'रामगीता', फुटकर रचनालगायत कृति छन् । कुमारी चोकको हिसाब मिलाउन नसकेर झ्यालखानामा परेका आदिकवि भानुभक्तले सरकारी कार्यालयमा हुने ढिलासुस्ती र 'भोलिवाद'को कट्टर विरोधी भएर कवितामा भोलिको विरोध गर्दै लेखेका थिए- 'भोलिभोलि भन्दैमा सब घर बितिगो बक्सियोस् आज झोली' । नेपाली जातीय एकता, राष्ट्रिय पहिचान र नेपाली सांस्कृतिक चेतना जगाउन र राष्ट्रिय संस्कृतिलाई बलियो बनाउनमा उनको ऐतिहासिक योगदान रहेको छ । त्रिभुवन विश्वविद्यालयबाट आचार्यबारे स्नात्तकोत्तरमा थुप्रै शोधग्रन्थ लेखिएका छन् । भानुभक्तको जन्मजयन्ती भारतको दार्जिलिङ, सिक्किमलगायत नेपाली भाषा भाषी धेरै रहेका स्थानमा पनि मनाइन्छ । भानुभक्तको निधन वि.सं १९२५ असोजमा भएको थियो । भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा काम गर्ने संस्थाले आज विभिन्न कार्यक्रम गरी भानुजयन्ती मनाउँदै छन् ।

## खेलकुद समाचार

### कप्तान हसरंगाले दिए राजीनामा



**काठमाडौं,** असार २८/श्रीलङ्काको राष्ट्रिय क्रिकेट टोलीका कप्तान वानिन्दु हसरंगा डी शिल्भाले पदबाट राजीनामा दिएका छन् । आईसीसी टी-२० विश्वकप क्रिकेट २०२४ मा टोलीले खराब प्रदर्शन गरेपछि हसरंगाले राजीनामा दिएका हुन् । टी-२० विश्वकपमा श्रीलङ्का समूह चरणबाटै बाहिरिएको थियो ।

राजीनामा दिँदै हसरंगाले एक खेलाडीको हैसियतले टोलीका लागि उत्कृष्ट प्रदर्शन जारी राख्ने प्रतिबद्धता जनाएका छन् । श्रीलङ्का टोलीले यसै महिना भारतसँग तीन टी-२० र तीन एकदिवसीय शृङ्खला खेल्दैछ । खेल जुलाई २७ देखि अगस्ट ७ सम्म चल्नेछ ।हसरंगाको कप्तानीमा श्रीलङ्काले १० टी-२० अन्तर्राष्ट्रिय क्रिकेट खेलेकामा ६ खेलमा जीत हात पारेको थियो । उज्यालोका खबर फेसबुक, इन्स्टाग्राम, एक्स ट्वीटर र यूट्युबमा हेर्न तथा उज्यालो रेडियो नेटवर्क ९० मेगाहर्जसँगै देशभरका विभिन्न एफएम रेडियोहरुबाट पनि सुन्न सकिन्छ ।

## अर्थ/कर्पोरेट समाचार

### नविलको 'द नविल ढुक्क घर कर्जा' योजना



**पाल्पा,** असार २८/नविल बैंकले आफ्ना ग्राहकहरुका लागि नयाँ योजना ल्याएको छ । बैंकले 'द नविल ढुक्क घर कर्जा' योजना ल्याएको हो ।

४१ औँ वर्ष प्रवेशको अवसरमा बैंकले योजना सार्वजनिक गरेको छ । यस योजना सात वर्षे अवधिको कर्जाको ब्याजदर ८.४ प्रतिशत र १० वर्ष अवधिको कर्जाको ९.४ प्रतिशत निर्धारण हुने छ । योजना जुलाई १२ देखि ४० दिनसम्म मान्य हुने बैंकले जनाएको छ । बैंकले नयाँ खाता खोल्दा विभिन्न सुविधाको अफर समेत ल्याएको छ । जुलाई १२ देखि अगस्ट २० सम्म नयाँ खाता खोल्दा एटिएम शुल्क, क्रेडिट कार्ड, लकर चार्ज, एन बैंक तथा एनबैंक एपको शुल्क ५० प्रतिशत छुट दिने भएको छ । साना तथा मझौला उद्यममा एक करोड रुपैयाँसम्मको कर्जा आधार दरमा एक प्रतिशत प्रिमियममा दिने र कृषि तथा उत्पादनमुलक उद्योगमा पाँच करोड रुपैयाँसम्मको कर्जा आधारमा दरमा १.५ प्रतिशत प्रिमियममा उपलब्ध गराउने भएको छ ।

# कास्कीमा पुरिएर...

...प्रजिअ यादवका अनुसार गौर जाँदै गरेको बसमा ४१ र काठमाडौँ जाँदै गरेको बसमा २४ जनारहेका थिए । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक भेषराज रिजालका अनुसार काठमाडौँर वीरगञ्जमा गाडी नम्बरर चलानीको बारेमा बुझ्ने काम भइरहेको छ । यद्यपि वास्तविक विवरण प्राप्त नभइसकेको उनले जानकारी दिए ।

**तीनजना पौडिएर बाँच**

नारायणगढ-मुग्लिन सडकखण्डको सिमलतालमा गएको पहिराले त्रिशूलीमा बस खस्दा बाच्न सफल भएका तीनजनाको भरतपुरका विभिन्न अस्पतालमा उपचार भइरहेको छ । एकजनाको भरतपुर अस्पतालमार दुईको चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ । उनीहरू बिहीबार साँझ ७:३० बजे काठमाडौँबाटरौतहट गौरका लागि छुटेको गणपति डिलक्स बसमा सवार थिए । तीमध्येरौतहटका नन्दन यादवले बसको सिसा फुट्दा झ्यालबाट निस्किएर बाँच्न सफल भएको बताए । 'बसमा हामी ३० देखि ३५ जना थियौँ । त्यसमध्ये तीनजना त्रिशूलीमा खसेको बसको सिसा पुटेपछि बाहिर निक्सियौँ, पौडिएर बाँच्न सफल भयौँ ।' खाना खाएर बस चढेको एक घण्टापछि बस दुर्घटना भएको उनले सुनाए । 'हामी गाडीबाट कसरी बाहिर निस्कियौँ भन्नेसमेत थाहा छैन, एकैपटक पानीमा झरेपछि मात्र सबै थाहा पायौँ', उनले थपे, 'बस पानीमा धेरै मुनी पुगेको थियो । हामी झ्यालबाट खसेपछि पौडी खेल्दै खेल्दै नदी किनारमा आएर बाँच्न सफल भयौँ ।' टाउँकोमा चोट लागेका यादवको चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ । उपचार गररेर फर्किँदै गरेका गरुडा-९रौतहटका जुगेश्वरराय यादवले आफ्नो परिवारका चारजना बाहिर निस्किन नसके पनि आफू त्रिशूलीबाट बाहिर निस्किएको सुनाए ।

बसमा उनका ३५ वर्षीय छोरी, १० वर्षीय छोरा, सात वर्षीया नातिनीर दुई वर्षीय नाती सवार थिए । काठमाडौँमा उपचार गरेर घर फर्कँदै गर्दा उनको परिवारका पाँचजना दुर्घटनामा परेका हुन् । 'काठमाडौँमा छ दिनसम्म उपचार गरेर फर्किँदै थियौँ । एक्कासी नसोचेको घटना घट्यो । पाँचपटक बस ठक्कर खाएर बल्ल नदीमा पुगेको थियो',उनले स्मरण गरे, 'पहिरोमा परेर तल खस्दा सबै यात्रु कराइरहेका थिए । अरूको अवस्था के होला, अहिलेसम्म थाहा छैन । बसको चालकर सहचालक पनि त्यही डुब्नुभयो ।' बस पहिरोमा पर्नुअघि आधा घण्टा जति जाम परेको भन्दै उनले सुनाए, 'जाम खुलेसँगै विस्तारै अघि बढ्ने क्रममा त्रिशूलीमा खसेको हो । बसको सिसा फुटेपछि बाहिर निस्कन सफल भए, अर्को गाडीको सहयोगमा उपचारका लागि अस्पताल पुगेको हुँ ।' उनको पनि चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ । भरतपुर अस्पतालमा उपचाररत रौतहटकै सरोजकुमार गुप्ताको डिस्चार्ज भएको छ । सामान्य अवस्थामारहेका उनको उपचारपछि डिस्चार्ज गरिएको हो । हाल बेपत्ता बसको खोजिकार्य जारी छ । नेपाली सेनार सशस्त्र प्रहरीको गोताखोर टोली बसको खोजीर सवार यात्रुको उद्धारमा लागेको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए ।

**लेदोसहितको ढुङ्गा लागेर बस चालकको मृत्यु**

यस्तै भरतपुर महानगरपालिका-२९ स्थित १७ किलोमा लेदोसहितको ढुङ्गा लागेर बस चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा नवलपरासीको सुनवल नगरपालिका-४ का ३६ वर्षीय मेघनाथ विकरहेका छन् । काठमाडौँ जाँदै गरेको लु २ ख ६५६६ नम्बरको बसका चालक विकलाई लेदोसहितको ढुङ्गाले लागेको थियो । दुर्घटनामा गम्भीर घाइते भएका विकको उपचारका क्रममा चितवन मेडिकल कलेजमा मृत्यु भएको हो ।

# प्रचण्डले...

साना दलहरूले समेत साथ दिएनन् । उनलाई आफ्नै दल माओवादीसँगै राष्ट्रिय स्वतन्त्र पार्टी र एकीकृत समाजवादीले मात्र मत दिएको छ ।

१८ महिनामा एमालेसँग दुई र कांग्रेससँग एक पटक गरेर तीन पटक गठबन्धन बदलेका प्रधानमन्त्री दाहालले कांग्रेस र एमालेबीच सत्ता साझेदारीका लागि सातबुँदे सहमति भएपश्चात् विश्वासको मत लिन शुक्रबार प्रतिनिधि सभामा उपस्थित भएका थिए । विश्वासको मत नपाएपछि संवैधानिक व्यवस्थाबमोजिम नै उनी पदमुक्त भएका छन् । अब नयाँ सरकार गठनको बाटो खुलेको छ ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१



**भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना**

CTEVT बाट स्वीकृति प्राप्त यस पाल्पा टेक्निकल इन्स्टिच्यूट तानसेन, पाल्पामा शैक्षिक वर्ष २०८१/०८२ को लागि ३ वर्षे डिप्लोमा कार्यक्रम/प्रमाण पत्र तह **सामान्य चिकित्सा**(H.A.), **मेडिकल ल्याव्रोटोरी टेक्नोलोजि** (CMLT) र फिजियोथेरापी विषयमा भर्ना खुलेको जानकारी गराउँदै उक्त विषय अध्ययन गर्न ईच्छुक SLC वा SEE मा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको विद्यार्थीहरुले भर्नाको लागि समयमै सम्पर्क गर्न जानकारी गराईन्छ ।

**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**

क) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो ।

ख) एस.एल.सी.वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी ।

ग) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।

घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

- **आवेदन फर्म ईन्स्टीच्युटबाट वितरण भैरहेको छ ।**
- **फर्म बुझाउने अन्तिम मिति-२०८१ श्रावण १३ गते आइतबार (कार्यालय समय भित्र)**
- **प्रवेश परीक्षा -२०८१ श्रावण १९ गते शनिबार बिहान ८ बजे**

**सम्पर्क**

**पाल्पा टेक्निकल ईन्स्टिच्युट**

**मेहलधारा -२, तानसेन पाल्पा (पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र नजिकै (आफ्नै भवनमा)**

फोन नं. ०७५-५२०७१४/५२०३८२/५२०३१६/५९०००६

मोबाईल नम्बर ९८५७०६०३४६, ९८४७०२९८१६, ९८४७०६८०५२



मनको आवाज...........

'नाम पनि युनिक, काम पनि युनिक'

युनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

युनिक शोसियल कम्युनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई